बुटवल पावर
कम्पनी लिमिटेड

bpc
BUTWAL POWER
COMPANY LIMITED




# संक्षिप्त वार्षिक प्रतिवेदन

आ.व. २०८१/०८२

**iLight** the future

# बुटवल पावर कम्पनी लिमिटेडको ३३ औं वार्षिक साधारण सभाको सूचना

मिति २०८२।०९।०३ (तद्नुसार १८ डिसेम्बर २०२५) मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको ३३ औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका प्रस्तावहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सबै शेयरधनीहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

### साधारण सभा हुने मिति, स्थान र समय :

**मिति :** **२०८२ पौष २८ गते सोमवार (तद्नुसार जनवरी १२, २०२६) ।**

**समय :** **अपरान्ह २:०० बजे ।**

**स्थान :** **कार्की ब्याङ्क्वेट बबरमहल, काठमाण्डौं ।**

### छलफलका विषयहरू :

**(क) सामान्य प्रस्तावः**

१. संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८१/८२ को वित्तिय विवरणहरू उपर छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिस अनुसार आ.व. २०८२/८३ का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. शेयर दाखिल खारेज बन्द भएको मिति सम्म कायम शेयरधनीहरूलाई आ.ब. २०८१/८२ को मुनाफाबाट चुक्ता पूंजीको ६% (छ प्रतिशत) नगद लाभांश वितरण गर्ने ।

५. संचालक समितिमा रिक्त हुने चार संचालकहरूको पदपूर्तिको लागि निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावः**

१. आ.व. २०८१।८२ मा विभिन्न संस्था तथा व्यक्तिहरूलाई दिइएको आर्थिक सहयोग रकम रू. ९८७,२००/- अनुमोदन गर्ने ।

**(ग) विविध ।**

# प्रोक्सी-फारम

श्री संचालक समिति

**बुटवल पावर कम्पनी लि.**

वुद्धनगर, वानेश्वर, काठमाण्डौ ।

**विषयः** प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

..................................................जिल्ला..................................म.न.पा/न.पा./गा.वि.स. वडा नं. ....................,
.......................... वस्ने म/हामी .................................................................................ले त्यस कम्पनीको शेयरवालाको हैसियतले मिति २०८२ पौष २८ गते सोमबारका दिन हुने ३३ औं वार्षिक साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि...................................जिल्ला ...................................................म.न.पा/न.पा./ गा.वि.स./ वडा नं..............., ...........वस्ने श्री ........................................................................................................ लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

निवेदकः ......................................................................
दस्तखतः .....................................................................
ठेगानाः ...................................पो.व.नं.................
फोन नं.........................................................................

शेयरधनी नं.: (BOID No): ...................................
शेयर प्र.प.नं.: ..................................................
डिम्याट नं:.........................................................
शेयर संख्याः .....................................................
मितिः ...................................................................

# साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. कम्पनीको शेयर दाखिल खारेजको कार्य मिति २०८२।०९।१५ देखी मिति २०८२।०९।२८ सम्म बन्द रहने छ ।

२. कम्पनी ऐन, २०६३ को दफा ८४ वमोजिम संक्षिप्त आर्थिक प्रतिवेदन राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा अलग्गै प्रकाशित गरिएको छ र सो प्रतिवेदन सहितको संक्षिप्त वार्षिक प्रतिवेदन कम्पनीको वेभ साईट www.bpc.com.np मा हेर्न सकिने छ ।

३. सञ्चालक समितिका चार जना संचालकहरूको निर्वाचनका लागि निर्वाचन अधिकृतको कार्यालय कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, बानेश्वरमा रहनेछ । निर्वाचन अधिकृतले मिति २०८२।०९।१८ गते निर्वाचनको कार्यक्रम कम्पनीको सूचनापाटीमा प्रकाशित गर्नु हुनेछ ।

४. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति हुने गरी प्रतिनिधि (प्रोक्सी) फाराम भरी पठाउनु पर्ने छ । कुनै व्यक्तिले एक भन्दा बढी शेयरधनीहरूको तर्फवाट प्रतिनिधि (प्रोक्सी) प्राप्त गरेको भए निजले प्रोक्सी दर्ता गर्न ल्याउँदा प्रोक्सी दिने शेयरधनीको नाम, निजको शेयरधनी नं. वा विओआईडी नं., शेयर संख्यासमेत खुलेको सूची बनाई सूचीमा उल्लेख भए वमोजिमको प्रोक्सी फारम क्रमशः संलग्न गरी निर्वाचन कार्यक्रममा उल्लेख भए वमोजिम निर्वाचन अधिकृतको कार्यालयमा सभा शुरू हुनु भन्दा कम्तिमा ७२ घण्टा अगाडि दर्ता गरी सक्नु पर्नेछ । एक जना व्यक्तिले आफूले प्राप्त गरेको प्रोक्सी एकै पटक दर्ता गर्नु पर्नेछ ।

५. शेयरधनीको नाम थर र शेयरधनी नं. वा विओआईडी नं फरक परेमा, शेयरधनीको नाममा कायम रहेको शेयर संख्या भन्दा बढी शेयर संख्या प्रोक्सी फारममा उल्लेख भएमा, प्रोक्सी दिने शेयरधनीको हस्ताक्षर कम्पनीमा रहेको निजको हस्ताक्षरसंग मेल नखाएमा वा फरक परेमा, प्रोक्सी दिने शेयरधनी स्वयं साधारण सभामा उपस्थित भएमा, मतदानको प्रक्रिया प्रारम्भ हुनु अगावै प्रोक्सी दिने शेयरधनीको मृत्यु भएको जानकारी प्राप्त भएमा, संगठित संस्थाले दिएको प्रतिनिधि नियुक्ति पत्र रितपूर्वकको नभएमा त्यस्तो प्रोक्सी वा प्रतिनिधिपत्र बदर हुनेछ । तर कम शेयर संख्या उल्लेख भएकोमा सोही शेयर संख्या कायम हुनेछ ।

६. एकै शेयरधनीले एकभन्दा बढि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको अवस्थामा पहिला दिएको प्रोक्सी वदर गरेको भन्ने व्यहोरा उल्लेख भई पछिल्लो प्रोक्सी दर्ता हुन आएमा वाहेक पहिला दर्ता हुन आएको प्रोक्सीले मान्यता पाउने छ ।

७. कानूनी व्यक्ति तथा संगठित संस्थाले शेयरधनीको हैसियतले प्रतिनिधी नियुक्त गर्दा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक त्यसरी दिने वा तोक्ने व्यक्तिलाई संचालक समितिवाट अख्तियारी प्राप्त भएको देखिने कागजात तथा प्रतिनिधी प्राप्त गर्नेको परिचयपत्र (नागरिकताको प्रमाणपत्र वा कार्यालयको परिचयपत्र वा चालक अनुमतिपत्र आदि) प्रतिनिधी नियुक्ति पत्रसाथ संलग्न हुनु पर्नेछ । प्रोक्सी सम्बन्धी अन्य व्यवस्था सञ्चालक निर्वाचन निर्देशिका बमोजिम हुनेछ ।

८. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका दिउँसो १:०० वजे देखि खुल्ला रहने छ । हाजिर गर्नका लागि परिचय खुल्ने कुनै पनि कागजातहरू जस्तैः नागरिकता, चालक अनुमतिपत्र आदि अनिवार्य रूपमा प्रस्तुत गर्नु पर्नेछ ।

९. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन तथा उम्मेदवार हुन सक्नु हुनेछ ।

१०. छलफलका विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव नियम वमोजिम कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनु पर्नेछ ।

११. अन्य जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाण्डौ तथा शेयर रजिष्ट्रार श्री नबिल ईन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

आज्ञाले
कम्पनी सचिव

# संचालक समितिको प्रतिवेदन

## शेयरधनीज्यूहरू,

यस कम्पनीको ३३औं बार्षिक साधारण सभामा संचालक समितिको प्रतिवेदन, २०८२ प्रस्तुत गर्न पाउँदा अत्यन्त खुसी लागेको छ । आ.व. २०८१।८२ मा कम्पनीको कार्यसंपादन सन्तोषजनक रह्यो । विभिन्न व्यवसायहरू तर्फको कार्यसम्पादन तल सम्बन्धित शिर्षकमा उल्लेख गरिएको छ ।

## कार्य सम्पादन मूल्यांकन

**वित्तः**

कम्पनीले आ.व. २०८१।८२ मा रू. ३० करोड १० लाख ४१ हजार कुल मुनाफा आर्जन गरेको छ, जुन अघिल्लो वर्षको तुलनामा १९.५३% ले बढी हो । त्यसैगरी यस वर्ष व्याज तथा कर अघिको नाफा १७.८२% ले बढेर रू. २६ करोड ६० लाख ३१ हजार भएको छ । कर अघि र पछिको नाफा क्रमशः २.९६% र १२.०४% ले बढेको छ । आ.व. २०८१।८२ मा कम्पनीको खुद मुनाफा रू. २१ करोड ७३ लाख ३६ हजार र प्रति शेयर आम्दानी रू.६।३८ रहेको छ । कम्पनीको प्रमुख वित्तिय परिसूचकहरू तल संक्षेपमा उल्लेख गरिएको छ ।

## व्यवसाय सञ्चालन

**उत्पादन व्यवसाय**

कम्पनीले दुई विद्युत गृहहरूः ९.४ मेगावाटको आँधिखोला विद्युत गृह र १२ मेगावाटको झिमरूक विद्युत गृह संचालन गर्दै आएको छ । आ.व. २०८१।८२ मा दुबै विद्युत गृहहरू राम्रोसंग संचालनमा रहे । सो विद्युत गृहरूहरूवाट कुल १४०.०६ गिगावाट आवर विद्युत उत्पादन भएको छ जुन गत वर्षको उत्पादन १३३.७६ गिगावाट आवर भन्दा ४.७१% ले बढी

| विवरण | आ.व. २०८१।८२ रू. | आ.व. २०८०।८१ रू. | परिवर्तन % |
|---|---|---|---|
| नेपाल विद्युत प्राधिकरणलाई बिद्युत बिक्री | ४२,९८,४३,६४५ | ४१,८८,८१,३९६ | २.६२% |
| उपभोक्तालाई बिद्युत बिक्री तथा सेवाहरू | ३०,३९,४९,६२३ | २७,४७,५९,३९५ | १०.६२% |
| उत्पादन खर्च | २९,३६,८१,६७३ | ३०,५०,५५,१४७ | -३.७३% |
| वितरण खर्च | १३,९०,७०,८९२ | १३,६७,३२,७९१ | १.७१% |
| कूल मुनाफा | ३०,१०,४०,७०३ | २५,१८,५२,८५३ | १९.५३% |
| अन्य आय (प्राप्त लाभांश समेत) | ९,७२,२४,०२५ | ९,८७,९७,६०७ | -१.५९% |
| प्रशासनिक तथा अन्य खर्च | १३,२२,३३,५४१ | १२,४८,५१,९४२ | ५.९१% |
| ब्याज तथा कर अघिको नाफा | २६,६०,३१,१८७ | २२,५७,९८,५१८ | १७.८२% |
| बित्तीय आम्दानी | १,४१,३३,६०२ | ४,६८,१६,५९७ | -६९.८१% |
| बित्तीय खर्च | १,२८,९५,८७० | १,३०,२५,४६५ | ०.९९% |
| कर अघिको नाफा | २६,७२,६८,९१९ | २५,९५,८९,६५० | २.९६% |
| कर पछिको खुद मुनाफा | २१,७३,३६,११९ | १९,३९,८७,३६९ | १२.०४% |
| अन्य कम्पनीहरूमा लगानी | ५,२६,३७,९३,४६६ | ४,६२,६०,३०,०५७ | १३.७९% |
| प्रतिशेयर आम्दानी | ६.३८ | ५.६९ | १२.१३% |
| खुद सम्पत्ति (नेटवर्थ) | ७,०८,१५,३०,२५८ | ७,०३,२१,४६,९६७ | ०.७०% |

आ.व.२०८१।८२ को समूहगत एकिकृत वित्तिय अवस्था निम्न अनुसार रहेको छः

| विवरण | आ.व. २०८१।८२ रू. | आ.व. २०८०।८१ रू. | % परिवर्तन |
|---|---|---|---|
| आम्दानी | ४,७१,५१,८७,०७७ | २,९९,०३,३५,२५१ | ५७.६८% |
| बिक्री लागत | ३,८१,२९,९६,७९३ | २,२३,५७,२५,६०२ | ७०.५५% |
| कूल नाफा | ९०,२१,९०,२८४ | ७५,४६,०९,६४९ | १९.५६% |
| व्याज तथा कर अधिको नाफा | ६८,७७,७७,७३० | ६०,०९,८४,०२८ | १४.४४% |
| कर अधिको नाफा | २७,२९,५०,०४९ | ३८,४२,१४,४७३ | -२८.९६% |
| कर पछिको नाफा | २०,२३,३२,१६६ | ३०,८९,६१,०४८ | -३४.५१% |
| नियन्त्रक कम्पनीको मालिकको लागि नाफा | १८,८७,०८,५८५ | ३५,३७,७०,९२४ | -४६.६६% |
| नियन्त्रण नहुने स्वार्थ/हितका लागि नाफा | १,३६,२३,५८१ | (४,४८,०९,८७६) | -१३०.४०% |
| प्रति शेयर आम्दानी | ५.५४ | १०.३८ | -४६.६६% |
| खुद सम्पत्ति | ८,१६,५७,९५,६०४ | ७,५२,३३,१७,८२५ | ८.५४% |

हो । कुल उत्पादित उर्जाको करीव ६१.२२% नेपाल विद्युत प्राधिकरणलाई तथा बाँकी कम्पनीको वितरण व्यवसायमा आपूर्ति गरिएको थियो ।

दुबै विद्युत गृहहरूवाट भएको उत्पादनको अवस्था निम्न अनुसार थियोः

- आँधिखोला विद्युत गृहले ७६.८५% क्षमता (Plant Factor) मा संचालनमा रहेर ६३.४५ गिगावाट आवर विद्युत उत्पादन गर्‍यो । सो गत वर्षको तुलनामा १.६५% (१.०३ गिगावाट आवर) बढी उत्पादन हो । समीक्षा बर्षमा यस विद्युत गृहले ४.८२ गिगावाट आवर विद्युत खरिद गर्यो । कुल उपलब्ध विद्युत मध्ये २३.८७ गिगावाट आवर (३४.९६%) काली गण्डकीको क्षतिपूर्ति बापतको ३.१७ गिगावाट आवर समेत गरी नेपाल विद्युत प्राधिकरणलाई र ४३.६३ गिगावाट आवर (६३.९०%) कम्पनीकै उपभोक्ताका निमित्त वितरण व्यवसायलाई आपूर्ति गरिएको थियो ।
- झिमरूक विद्युत गृहले ७२.६८% क्षमता (Plant Factor) मा संचालनमा रहेर ७६.६१ गिगावाट आवर विद्युत उत्पादन गर्‍यो । सो अघिल्लो वर्षको उत्पादनको तुलनामा ७.३९% (५.२७ गिगावाट आवर) ले बढी हो । समीक्षा बर्षमा यस विद्युत गृहले २.५४ गिगावाट आवर विद्युत खरिद गर्यो । कुल उपलब्ध विद्युत मध्ये ६६.३८ गिगावाट आवर (८३.८८%) नेपाल विद्युत प्राधिकरणलाई र ११.०५ गिगावाट आवर (१३.९६%) कम्पनीकै उपभोक्ताका निमित्त वितरण व्यवसायलाई आपूर्ति गरिएको थियो ।

**वितरण व्यवसाय**

आ.व. २०८१।८२ मा उत्पादन व्यवसायवाट आपूर्ति भएको कुल उर्जा ५४.६८ गिगावाट आवर थियो, जुन गत वर्षको तुलानामा ८.१९% ले बढी हो । गत वर्षको तुलनामा उपभोक्ताको संख्या, विद्युत बिक्री तथा सरदर विद्युत उपभोग क्रमशः १.४०%, ६.३२% र ४.८५% बढेको छ । गार्हस्थ्य उपभोक्तालाई बिक्री गरिएको विद्युत ४५.९२ गिगावाट आवर रहेको थियो । कम्पनीले उपभोक्तालाई निरन्तर विद्युत आपूर्तिका लागि विद्युतको उच्च माग हुने समयमा तथा विद्युत गृहहरू बन्द भएको समयमा नेपाल विद्युत प्राधिकरणवाट समय समयमा उच्च दरमा विद्युत खरिद गर्न परेको थियो ।

## कम्पनीका सहायक तथा सम्वद्ध कम्पनीहरुः

### न्यादी हाइड्रोपावर लिमिटेड

न्यादी हाइड्रोपावर लि.ले ३० मे.वा.को न्यादी विद्युतगृह संचालन गरिहेको छ । सो विद्युतगृह बैशाख २०७९ देखि संचालनमा आएको हो । नेपाल विद्युत प्राधिकरणको २२० के.भी. को मर्स्याङदी

प्रशारण लाईन तथा खुदी सवस्टेशनको निर्माणमा ढिलाईका कारण अस्थाई प्रवन्धका आधारमा आपूर्ति संभव भएको समयमा विद्युत आपूर्ति हुँदै आएको छ । आ.व. १०८१।८२ मा न्यादी हाइड्रोपावर लिमिटेडले १०९.६४ गिगावाट आवर विद्युत आपूर्ति गर्न सक्यो, जुन कुल बार्षिक कन्ट्याक्ट इनर्जी १६८.५५ गिगावाट आवरको ६५.०५% मात्रै हुन्छ । कम्पनीले रू. ६४ करोड ६० लाख आम्दानी गरेकोमा रू. ८ करोड ८० लाख खुद नोक्सानी बेहोरेको छ ।

**खुदी हाइड्रोपावर लिमिटेड**

खुदी हाइड्रोपावर लि.को स्वामित्व तथा संचालनमा रहेको ४ मे.वा.को खुदी विद्युत गृहले आ.व. २०६३।६४ वाट संचालनमा आएको थियो । यस वर्ष विद्युतगृह सामान्यरूपमा संचालनमा रह्यो । आ.व. २०८१।८२ मा यस कम्पनीले रू. ८ करोड ४८ लाख आम्दानी गऱ्यो । यो गत वर्षको भन्दा ४.३७% को बढोत्तरी हो । यस कम्पनीको खुद मूनाफा रू. २ करोड ४९ लाख ५० हजार रह्यो ।

**२०८२ असार मसान्तसम्मको कम्पनीको लगानी**

| कम्पनीको नाम | शेयर संख्या | % लगानी | लगानी रू. (लागतमा) | लगानी रू. (फेयर भ्यालुमा) |
|---|---|---|---|---|
| हिमाल पावर लि. | २,९७८,५०२ | १६.८८ | ४३४,९३१,४६१ | ७३८,६४४,३७३ |
| नेपाल हाईड्रो एण्ड इलेक्ट्रिक लि. | ८५८,९६० | ५१.३० | ७१,५८०,००० | - |
| खुदी हाइड्रोपावर लिमिटेड | ५०४,००० | ६०.०० | ५०,४००,००० | - |
| खुदी हाइड्रोपावर लिमिटेड (अग्राधिकार शेयर) | ५७६,००० | ७०.५५ | ५७,६००,००० | - |
| न्यादी हाइड्रोपावर लिमिटेड | १०,७५१,४५३ | ७१.६८ | १,०७५,१४५,३०० | - |
| कावेली इनर्जि लि. | २,९६६,८६० | २७.२४ | २९६,६८६,००० | - |
| हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि. | १४७,२३१ | १००.०० | ४२,९९१,२६० | - |
| मनाङ मर्स्याङदी हाइड्रोपावर कं. प्रा.लि. | २,०४२,७३६ | १९.४० | २०४,२७३,६०० | |
| बिपिसी सर्भिसेज लि. | १००,००० | १००.०० | १०,०००,००० | - |
| हाइड्रो ल्याव प्रा.लि. | १०,००० | १६.६४ | १,०००,००० | ४५,५४५,१२१ |
| हिमताल हाइड्रोपावर कं. प्रा.लि. | ६०१,३०० | २३.२३ | ७८९,७००,८३० | |
| मर्स्याङदी ट्रान्समिशन कं. प्रा.लि. | ६,४०६ | १९.४० | १०,३४६,२४५ | |
| गुराँश इनर्जि लि. | ३,३१९,८३६ | १००.०० | ३३१,९८३,६०० | - |
| एससीआईजी इन्टरनेशनल नेपाल हाइड्रो जोइन्ट डेभलपमेन्ट इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. | ७६०,००० | २०.०० | ९३,५२०,८७६ | |
| चिनो हाइड्रोपावर लि. | १,८२०,००० | ६५.०० | १८२,०००,००० | |
| **जम्मा लगानी (लागत मुल्यमा)** | **२७,४४३,२८४** | | **३,६५२,१५९,१७२** | **७८४,१८९,४९४** |

**शेयर वापतको अग्रिम भुक्तानी तथा सम्वन्धित अन्य खर्चहरु**

| कम्पनीको नाम | रकम रू. |
|---|---|
| एससीआईजी इन्टरनेशनल नेपाल हाइड्रो जोइन्ट डेभलपमेन्ट इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. | १४४,०००,००० |
| मनाङ मर्स्याङदी हाइड्रोपावर कम्पनी प्रा.लि. | ३९४,४७३,६२८ |
| नेपाल पावर एक्सचेन्ज लि. | २०,०००,००० |
| काबेली इनर्जी लिमिटेड | ६२२,७३०,३०० |
| गुराँश इनर्जि लि. | २०१,४०९,०२३ |
| न्यादी हाइड्रोपावर लिमिटेड | १५०,०००,००० |
| **जम्मा** | **१,५३२,६१२,९५१** |

सहायक तथा सम्वद्ध कम्पनीहरूको वित्तिय संम्पादनको मुख्य मुख्य बुँदाहरू निम्न वमोजिम रहेका छन्ः

| कम्पनीको नाम | खुद मुनाफा (रू.) | खुद मुनाफामा बृद्धि वा कमी प्रतिशत | चुक्ता पुंजी (रू) | खुद सम्पत्ति रू. | प्रति शेयर आम्दानी रू. | प्रति शेयर कितावी मूल्य रू. |
|---|---|---|---|---|---|---|
| हिमाल पावर लि. | –१,३२,६७,९३६ | –८८.३५ | १,७६,४१,४३,९०० | ४,३७,४९,३३,९९५ | –०.७५ | २४७.९९ |
| नेपाल हाइड्रो एण्ड इलेक्ट्रिक लि. | ६,९५,३९।५१५ | –१८.४६ | १६,७४,३६,००० | ४८,३३,८२,५८१ | ४१.५३ | २८८.७० |
| खुदी हाइड्रोपावर लि. | २,४९,५८,३७४ | –४०.७४ | ८,४०,००,००० | २२,२५,७४,९६७ | २९.७१ | २६४.९६ |
| कावेली इनर्जि लि. | –३१,५२,१६३ | –८६८.२९ | ७०,००,००,००० | १,९३,६३,९०,२७७ | –०.४५ | २७६.६३ |
| न्यादी हाइड्रोपावर लि. | –८,७९,०६,५०२ | –५४.९८ | १,५०,००,००,००० | ९९,१६,२०,६३७ | –५.८६ | ६६.१० |
| हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि. | १,८८,४९,२३० | १४५.५२ | १,४७,२३,१०० | १८,१९,०२,५३० | १२८.०६ | १,२३५.४९ |
| बिपिसि सर्भिसेज लि. | ५,४३,३६२ | –२३.९४ | १,००,००,००० | १,५६,२३,८२४ | ५.४३ | १५६.२४ |
| हाइड्रो ल्याव प्रा.लि. | ३,२५,९७,३४७ | –१५.६६ | ६०,१०,००० | २७,७०,३३,५७८ | ५४२.३९ | ४६०९.५४ |
| गुराँस इनर्जि लि. | –१,८२,३२४ | –९७.६२ | ८२,९९,५९,००० | ५१,०६,५१,०९२ | –०.०२ | ६१.५३ |
| एससीआईजी इन्टरनेशनल नेपाल हाइड्रो जोइन्ट डेभलपमेन्ट इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. | –१०,८०,२८० | –१४९.०२ | १,६०,६७,१९,६०० | १,५९,३४,०८,९८५ | ००७ | ९९.१७ |
| मनाङ मर्स्याङदी हाइड्रोपावर कम्पनी प्रा.लि. | ४,७७,६०,९६३ | २११.४२ | ४,३१,०६,७४,१५९ | ४,४४,९८,६८,८५४ | १.११ | १०३.२३ |
| मर्स्याङदी ट्रान्समिसन कम्पनी प्रा.लि. | –४५,२०० | – | ३३,०२,४०० | ४,३०,२८,४१६ | –१.३७ | १,३०२.९४ |
| हिमताल हाइड्रोपावर कम्पनी प्रा.लि. | १,१५,०४,५१९ | –४६.९२ | ३०,९९,४८,५०० | १,३०,५८,३४,९९७ | ३.७१ | ४२१.३१ |
| चिनो हाइड्रोपावर लि. | १,६०,२४२ | –७२९.३४ | १८,२०,००,००० | १८,२५,७९,९०० | ०.०९ | १००.३२ |

कम्पनीले आ.व. २०८१।८२ मा निम्न सहायक तथा सम्बद्ध कम्पनीहरूवाट कुल रू. ४,३९,५६,८९५ लाभांश प्राप्त गरेको थियो ।

| कम्पनीको नाम | लाभांश रकम रू. (आ.व. २०८०।०८१ को नाफावाट) |
|---|---|
| खुदी हाइड्रोपावर लि. (अग्राधिकार शेयर) | १६,९६३,२०० |
| हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि. | ६०,००,००० |
| नेपाल हाइड्रो एण्ड इलेक्ट्रिक लि. | २०,०४६,६९५ |
| विपिसि सर्भिसेज लि. | ९,५०,००० |
| **जम्मा** | **४,३९,५६,८९५** |

## हिमाल पावर लिमिटेड

हिमाल पावर लिमिटेडको स्वामित्व तथा संचालनमा ६० मे.वा.को खिम्ती प्रथम विद्युतगृह रहेको छ । यस अघिको २० वर्ष अवधीको विद्युत खरिद बिक्री सम्झौता अनुसार हिमाल पावर लिमिटेडको स्वामित्व सम्बन्धी हितको ५०% हिस्सा नेपाल विद्युत प्राधिकरणमा जुलाई २०२० उप्रान्त जाने भएका कारण सो विद्युत गृह नयाँ विद्युत खरिद बिक्री सम्झौता सम्पन्न नभएसम्म अन्तरीम विद्युत खरिद बिक्री प्रवन्ध अनुसार संचालनमा रहेको छ । मिति २०८२ कार्तिक २१ गते सम्पन्न बिपिसीको विशेष साधारण सभाको निर्णय मुताविक बिपिसीले हिमाल पावर लिमिटेडमा रहेको स्टाटक्राफ्ट होल्डिङ सिङ्गापुर पिटिई लि., सिङ्गापुर र इभिनी एएस,

नर्वेका संपूर्ण शेयरहरू खरिद गर्ने प्रक्रिया शुरू गरेको छ ।

## इन्जिनियरिंग तथा अन्य सेवाहरु

**हाइड्रोकन्सल्ट इन्जिनियरिङ लिमिटेड** बिपिसीको पूर्ण स्वामित्वको सहायक कम्पनी हो । यसले देश तथा विदेशका विभिन्न जलविद्युत आयोजनाहरूलाई उत्कृष्ट इन्जिनियरिङ परामर्श सेवाहरू उपलब्ध गराएर राम्रो कार्यसम्पादन गर्दै आएको छ । यस कम्पनी पूर्वाधारका अन्य क्षेत्रहरूमा समेत व्यवसाय विविधिकरण गर्ने प्रक्रियामा रहेको छ ।

**नेपाल हाइड्रो एण्ड इलेक्ट्रिक लिमिटेड**ले बिपिसीको एक सहायक कम्पनीको रूपमा हाइड्रोमेकानिकल उपकरण उत्पादन तथा मर्मतको कार्य गर्दछ र नेपालमा इलेक्ट्रोमेकानिकल उपकरणहरूको मर्मत संभारका लागि एक प्रमुख कम्पनीको रूपमा रहेको छ । यसका अन्य उत्पादनहरूमा एचभी सवस्टेशन, प्रशारण लाईनका टावरहरू, पोलहरू तथा स्टिल ब्रिज जस्ता ठुला संरचनाहरू निर्माण गर्ने रहेका छन् ।

**गुराँस इनर्जि लिमिटेड** बिपिसीको पूर्ण स्वामित्वको लगानी कम्पनीको रूपमा रहेको छ । यस कम्पनीले कावेली इनर्जी लि.मा लगानी गरेको छ ।

**बिपिसी सर्भिसेज लिमिटेड** बिपिसीको पूर्ण स्वामित्वको कम्पनीको रूपमा रहेको छ । यसको स्थापना विद्युत गृहहरू एवं अन्तर आवद्धता सुविधाहरूको मर्मत संभार सम्बन्धी सेवाहरू प्रदान गर्न गरिएको थियो । यस कम्पनीको ध्येय विद्युत गृहहरूको सञ्चालन तथा मर्मतसंभार सम्बन्धी सेवा प्रदान गर्ने रहेको छ ।

**हाइड्रो ल्याव प्रा.लि.** एक सम्बद्ध कम्पनीको रूपमा रहेको छ । यस कम्पनीले जलश्रोत विकास आयोजनाहरूको फिजिकल हाइड्रोलिक मोडल अध्ययन, सेडिमेन्ट अध्ययन तथा तत् सम्बन्धी अनुसन्धानका कार्यहरू गरिरहेको छ । यसका साथै यस कम्पनीले भूगर्व अन्वेषण तथा परीक्षण र न्यूमेरिकल मोडलिङ सम्बन्धी सेवाहरू समेत प्रदान गर्दछ ।

## आयोजनाहरु

**३७.६ मे.वा.को कावेली ए जलविद्युत आयोजनाको** निर्माणका लागि आयोजना कम्पनीको रूपमा कावेली इनर्जि लि. स्थापना गरिएको थियो । मिति २०८२ कार्तिक २१ गते सम्पन्न कम्पनीको विशेष साधारण सभाको निर्णय वमोजिम कावेली इनर्जि लि.मा रहेका सबै शेयरहरू बिक्री गर्ने प्रक्रिया शुरू गरिएको छ ।

**मर्स्याङदी क्यासकेड आयोजनामा** तीनवटा अर्धजलाशय आयोजनाहरू छन् । ती आयोजनाहरूमा १३५ मे.वा.को मनाङ मर्स्याङदी जलविद्युत आयोजना, १३९.२ मे.वा.को तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजना र ३२७ मे.वा.को माथिल्लो मर्स्याङदी दोश्रो जलविद्युत आयोजना रहेकाछन्, जसको कुल जडित क्षमता ६०१.२ मे.वा. हुन्छ । ती आयोजनाहरूलाई क्यासकेड प्रणालीमा विकास गर्ने गरी अर्धजलाशय आयोजनाको हिसावले डिजाईन गर्ने, संभाव्यता अध्ययनलाई अध्यावधिक गर्ने तथा पूरक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने कार्य गरी सो आयोजनाहरूको अध्ययन तथा स्रोत संसाधनको अधिकतम उपयोग (रिसोर्स अप्टीमाइजेशन) का कार्यहरू गरिएको छ । चिनियाँ साझेदार कम्पनीहरू: SCIG International Ltd., Xingcheng International Investment Co. Ltd. and QYEC International Co. Ltd. संगको संयुक्त लगानीमा सो आयोजनाहरू तीन अलग अलग आयोजना कम्पनीहरू मार्फत कार्यान्वयन गर्न लागिएको छ ।

**मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको** ८० प्रतिशत ऋण तथा २० प्रतिशत स्वपूँजी अनुपातमा चिनिया एक्जिम बैंकसंग नोभेम्वर २०२४ मा वित्तिय व्यवस्थापन कार्य गरेर इपिसी (इन्जिनियरिङ, खरिद तथा निर्माण) मोडालिटीमा निर्माण सुरू भएको छ र यस आयोजनाको नोभेम्वर २०२५ सम्मको भौतिक प्रगति करीव ३०% रहेको छ । यो आयोजनाको निर्माण सन् २०२७ भित्र सम्पन्न हुने अपेक्षा गरिएको छ ।

**तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजनाले** निर्माण पूर्वका तयारी अर्न्तगत आयोजनालाई १३९.२ मे.वा.मा अप्टिमाईज गर्ने, सो अनुसार उत्पादन अनुमतिपत्रमा

संशोधन गरी नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौता गर्ने, वातावरणीय अध्ययन प्रतिवेदन तथा पुरक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने, र चिनिया साझेदारहरूसंग मिलेर लगानी वोर्डको स्वीकृति लिई आयोजना कम्पनी स्थापना गर्ने कार्यहरू सम्पन्न भएको छ । बाँकी मुख्य कार्यहरूमा सो आयोजनाको उत्पादन अनुमतिपत्र आयोजना कम्पनीमा हस्तान्तरण गर्ने, वित्तिय व्यवस्थापन गर्ने, निजी जग्गा खरिद तथा सरकारी जग्गा लिजमा लिने र ठेकेदार नियुक्त गरी निर्माण कार्य प्रारम्भ गर्ने रहेका छन् ।

**माथिल्लो मर्स्याङ्दी दोश्रो जलविद्युत आयोजनाले** तयारी कार्य अर्न्तगत आयोजनालाई ३२७ मे.वा.मा अप्टिमाईज गर्ने, वातावरणीय अध्ययन प्रतिवेदन तथा पुरक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने, लगानी वोर्डवाट आयोजनाको विस्तृत प्रतिवेदनको स्वीकृति प्राप्त गर्ने, र नेपाल विद्युत प्राधिकरणसंग कनेक्सन एग्रिमेण्ट गर्ने कार्यहरू सम्पन्न भएको छ । यस आयोजनाको निर्माण प्रारम्भ गर्नका लागि गर्नु पर्ने मुख्य मुख्य कार्यहरूमा लगानी वोर्डसंग अयोजना विकास सम्झौता गर्ने, नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौता गर्ने, वित्तिय व्यवस्थापन गर्ने, निजी जग्गा खरिद तथा सरकारी जग्गा लिजमा लिने तथा ठेकेदारहरूको नियुक्ति गर्ने रहेका छन् ।

मर्स्याङदी क्यासकेड आयोजनावाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले निर्माण गरिरहेको २२० के.भी. मर्स्याङ्दी कोरीडोर प्रशारण लाईन मार्फत आपूर्ति हुनेछ । मनाङ मर्स्याङ्दी जलविद्युत आयोजना र तल्लो मनाङ मर्स्याङ्दी जलविद्युत आयोजनालाई मनाङ जिल्ला स्थित मनाङ स्वीचिङ स्टेशनमा र माथिल्लो मर्स्याङ्दी दोश्रो जलविद्युत आयोजनालाई लमजुङ स्थित खुदी हवमा जोडिनेछ । प्रत्येक आयोजनाले सो जडान हुने विन्दु सम्मको २२० के.भी. प्रशारण लाईन आफैं निर्माण गर्नेछन् ।

**७.९ मे.वा. को चिनोखोला जलविद्युत आयोजना** मनाङ जिल्ला स्थित एक आरओआर (पानीको वहावमा आधारित) आयोजना हो । यो आयोजना चिनो हाइड्रोपावर लि. नामको सहायक कम्पनी मार्फत निर्माण गरिदै छ । विपिसीवाट उत्पादन अनुमतिपत्र प्राप्त गरेकोमा आयोजना कम्पनीमा नामसारी भएको छ । नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौता गरी तथा ७५:२५ ऋण स्वपूँजी अनुपातमा एभेरष्ट बैंक लि.वाट कर्जा लगानी हुने गरी ऋण सम्झौता भएको छ । QYEC Construction Pvt. Ltd. लाई इपिसी ठेकेदार नियुक्त गरी यो आयोजनाको निर्माण शुरू गरिएको छ । रसुवा स्थित मितेरी पुल भत्किएका कारण आवश्यक उपकरणहरू तथा निर्माण सामाग्रीहरू चिनियाँ सिमामा रोकिएकोले यो आयोजनको निर्माण कार्य केही हदसम्म प्रभावित भएको छ । हाल सम्मको भौतिक प्रगति करीव १५ प्रतिशत रहेको छ ।

**१५९.६२ मे.वा.को मुगु कर्णाली जलविद्युत आयोजनाको** सर्वेक्षण अनुमतिपत्र २०७४ सालमा प्राप्त गरिएको थियो । पूर्वसंभाव्यता अध्ययन तथा विस्तृत संभाब्यता अध्ययन गरी यस आयोजनाको क्षमता बढाएर १७३.४७ मे.वा. निर्धारण गरिएको छ । तर, सो संशोधित क्षमताका लागि सरकारको स्वीकृतको कार्य विचाराधिन अवस्थामानै रहेकोले वातावरणीय अध्ययन प्रतिवेदनको प्रक्रिया शुरू हुन सकेको छैन । विद्युत उत्पादन कम्पनी लि.ले विकास गर्न गइरहेको मुगु कर्णाली जलाशययुक्त जलविद्युत आयोजनासंग आयोजना क्षेत्र दोहोरो परेको कारणवाट समेत सो स्वीकृतिको कार्यमा ढिलाई भएको छ ।

**१० मे.वा. को ग्रिड आवद्ध झिमरुक शौर्य आयोजनाको** वि.सं. २०७८ मा सर्वेक्षण अनुमतिपत्र प्राप्त गरी संभाब्यता अध्ययन गरिएको थियो । वि.सं. २०८० मा नेपाल विद्युत प्राधिकरणले आह्वन गरेको प्रतिश्पर्धात्मक वोलपत्रको प्रक्रियाको शर्त मुताविक सो अनुमतिपत्रमा पछि संशोधन गरी आयोजनको जडित क्षमता १० मे.वा. बनाइएको छ । यद्यपी, अन्य बोलपत्र दाताहरूले न्यून महशुल दर प्रस्ताव गरेका कारण कम्पनीले सो आयोजनाको विद्युत खरिद सम्झौताको अवसर नपाएपनि भविश्यमा हुने बोलपत्रको प्रक्रियामा सहभागी हुने र सो आयोजनालाई कार्यान्वयन गर्नेमा यस कम्पनी प्रतिवद्ध रहेको छ ।

नविन पहलकोरूपमा यस कम्पनीले नियमितरूपमा नयाँ उर्जा आयोजनाहरू र सो सम्बन्धी व्यवसायिक अवसरहरूको पहिचान तथा मुल्यांकन गर्ने गर्दछ ।

स्वच्छ उर्जा तथा कार्वन इमिसन घटाउने पहलका विश्वस्तरमानै हरित हाइड्रोजन एक महत्वपूर्ण क्षेत्रको रूपमा उदाएको छ । निजी क्षेत्रको नेतृत्वदायी कम्पनीकारूपमा हरित प्रविधीहरूमा ज्ञान हासिल तथा क्षमता विकास गर्नका लागि यस कम्पनीले एक नमूना आयोजना थालनी गरेको छ । प्युठान स्थित झिमरूक जलविद्युत केन्द्रमा ५० किलोवाटको हरित हाइड्रोजन नमूना आयोजना UK Foreign, Commonwealth & Development Office (FCDO) को वित्तिय सहयोगमा र World Bank को कार्यन्वयन स्तरको सहयोगमा निर्माण गर्न लागिएको छ ।

## संस्थागत सुशासन

नैतिक व्यवसायिक अभ्यासहरूको पालना तथा असल संस्थागत सुशासनका लागि विपिसि प्रतिवद्ध छ । आफ्नो दृष्टिकोण, लक्ष तथा मुल्य मान्यताहरूलाई पछ्याउने क्रममा नैतिक, इमान्दार तथा पारदर्शी भई शेयरधनीहरूको विश्वासलाई कायम राख्न हामी प्रयत्नरत् छौं । संचालक समितिका कामकारवाहीहरू, कार्यसंपादन, आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापन जस्ता विषयहरू समेटेर हामीले बार्षिक रूपमा संस्थागत सुशासन प्रतिवेदन प्रकाशन गर्दै आएका छौं । हाम्रो संस्थागत मूल्य संरचना भित्र कम्पनीको दृष्टिकोण, लक्ष, मूल्य मान्यता, व्यवसायिक सिद्धान्तहरू, संस्थागत सुशासन तथा नैतिकताका नियमहरू छन्, जसले सबै सञ्चालकहरू तथा कर्मचारीलाई मार्गनिर्देश गर्दछ र नैतिक कार्य, कानूनको पालना, स्वच्छता तथा वातावरण एवं सरोकारवालाहरूका विषयमा जिम्मेवारीपूर्ण व्यवहारलाई सुनिश्चित् गर्दछ । संस्थागत सुशासन सम्बन्धी आवश्यक प्रतिवेदनहरू नियमकिय निकायहरूमा समयमै पेश गरिएको छ । संस्थागत सुशासन प्रतिवेदन कम्पनीको वार्षिक प्रतिवेदनमा प्रकाशित गरिएको छ ।

## संचालक समिति तथा यस अर्न्तगतका समितिहरु

यस बर्ष संचालक श्री विजय कृष्ण श्रेष्ठले माघ १६, २०८१ देखि लागु हुने गरी राजीनामा दिनुभयो र सो रिक्त स्थानमा सोहि मिति देखि लागु हुने गरी श्री विजय बहादुर श्रेष्ठ नियुक्त हुनु भयो । संचालक समितिले कानून तथा नियमकिय शर्तहरू अनुसार लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, तथा सम्पत्ति तथा दायित्व समिति गठन गरेको छ । त्यसैगरी कम्पनीको व्यावसायको आवश्यकता अनुसार मर्स्याङ्दी क्यासकेड समिति तथा संचालन एवं मर्मत संभार समिति गरी दुई समितिहरू पनि गठन गरिएको छ । शेयर संरचना, सञ्चालक समिति तथा यस अर्न्तगतका समितिहरूको विवरणहरू संस्थागत सुशासन प्रतिवेदनमा उल्लेख गरिएको छ ।

## कम्पनीको शेयर संरचना

कम्पनीको शेयर संरचनाका सम्बन्धमा संस्थागत सुशासन प्रतिवेदनमा उल्लेख गरिएको छ । आ.व. २०८१।८२ को अन्त्यमा शेयरधनीहरूको संख्या ५०,७९१ रहेको थियो । यति ठुलो संख्यामा शेयरधनीहरूको हामी प्रति विश्वास र भरोस हुनु हाम्रा लागि सम्मानको विषय हो ।

## व्यवस्थापन

यस कम्पनीको व्यवस्थापन प्रमुख कार्यकारी अधिकृत श्री उत्तर कुमार श्रेष्ठको नेतृत्वमा व्यवसायिक व्यक्तिहरू (प्रोफेसनलस्) को समुहले गरिरहेको छ । श्री उत्तर कुमार श्रेष्ठको उर्जा क्षेत्रमा लामो व्यवसायिक अनुभव रहेको छ र निजले गत एघार वर्ष देखी कम्पनीको व्यवस्थापनको नेतृत्व गर्दै आउनु भएको छ । कम्पनीमा १७ जना व्यवस्थापनमा कार्यरत् सहित १६८ जना कर्मचारीहरू कार्यरत् छन् । आ.व. २०८१।८२ मा व्यवस्थापनले कम्पनीको दृष्टिकोण, लक्ष तथा मूल्य मान्यता अनुरूपका मुख्य मुख्य लक्षहरू संचालक समिति तथा यस अर्न्तगतका समितिहरूको रणनीतिक मार्गदर्शनमा सम्पन्न गर्दै कार्यसंपादनमा सुधार गरेको छ ।

## स्वास्थ्य, सुरक्षा तथा वातावरण

यस कम्पनीले DNV (Det Norske Veritas) भारतबाट आई.एस.ओ. ९००१:२०१५ (गुणस्तर व्यवस्थापन प्रणाली) तथा आई.एस.ओ. १४००१:२०१५ (वातावरण व्यवस्थापन प्रणाली) एवं आई.एस.ओ. ४५००१:२०१८ (पेसागत स्वास्थ्य तथा सुरक्षा व्यवस्थापन प्रणाली) प्रमाणपत्र प्राप्त गरेको छ ।

## कम्पनीको औद्योगिक संलग्नता तथा बाह्य सम्वन्ध

यस कम्पनी आफ्ना सरोकारवालाहरूसंग जोडिएको छ र सेमिनार, तालिम, गोष्ठी तथा संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगतका गतिविधीहरू जस्ता विभिन्न माध्यमहरूवाट सम्बन्ध अभिवृद्धि गर्नका लागि प्रतिवद्ध छ ।  यस कम्पनी नेपाल उद्योग वाणिज्य महासंघ, स्वतन्त्र उर्जा उत्पादक संघ, नेपाल हाइड्रोपावर एशोसिएशन, नेपाल उद्योग परिसंघ, इन्टरनेशनल हाइड्रोपावर सेन्टर- नर्वे, उर्जा विकास परिषद्, नेपाल टनेलिङ एशोशियसन तथा नेपाल व्यवस्थापन संघको संस्थागत सदस्य हो ।

नेपालमा एक नेतृत्वदायी उर्जा कम्पनीको रूपमा, यस कम्पनीले IFC, World Bank, UK FCDO, NORAD, Statkraft AS (Norway) तथा SCPHI (Canada) जस्ता अन्तराष्ट्रिय संस्थाहरूसंग नेपालमा उर्जा विकासका विभिन्न पक्षमा सहयोग पुऱ्याउने हेतु साझेदारी गरेको छ । सो अलावा यस कम्पनीले तीन चिनिया नेतृत्वदायी कम्पनीहरू: Sichuan Provincial Investment Group Co. Ltd, Chengdu Xingcheng Investment Group Co. Ltd. र Qing Yuan Engineering Consulting Co. Ltd. संग मर्स्याङ्दी क्यासकेड आयोजनाहरू निर्माणका लागि साझेदारी गरेको छ ।

## संस्थागत जोखिम व्यवस्थापन

जोखिम व्यवस्थापन व्यवसायिक पहल, निर्णय तथा कार्यान्वयनको एक महत्वपूर्ण हिस्साको रूपमा रहेको छ । यस कम्पनीले आफ्ना जोखिमहरूको व्यवस्थापन उपयुक्त तरीकावाट भएको सुनिश्चित गर्नका लागि जोखिम पहिचान, मुल्यांकन, योजना निर्माण तथा न्यूनिकरण गर्दै निरन्तर रूपमा व्यवस्थापनका विभिन्न तहमा जोखिमहरूको अनुगमन गर्दै आएको छ । कम्पनीमा जोखिमको असल व्यवस्थापन सुनिश्चित् गर्न जोखिम व्यवस्थापन समितिले व्यवस्थापनको अनुगमन तथा मार्गदर्शन गर्ने एवं संचालक समितिलाई सिफारिस गर्ने गर्दछ । कम्पनीमा सुस्पष्ट जोखिम व्यवस्थापन प्रणाली लागु गरिएको छ ।

## आन्तरिक नियन्त्रण तथा जवाफदेहीता

कम्पनीमा आन्तरिक नियन्त्रण तथा जवाफदेहीता प्रणाली लागु गरिएको छ । नियन्त्रणको वातावरण तथा जावफदेहीताको अनुगमन लेखापरीक्षण समिति तथा संचालक समितिले गर्दछ । व्यवस्थापकिय प्रणालीहरूको निरन्तर सुधार तथा कार्यान्वयनका निमित्त आवधिक रूपमा आई.एस.ओ.को आन्तरिक तथा बाह्य लेखापरीक्षणहरू गरिएको छ । साथै, कम्पनीले आफ्नो आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापनको मुल्यांकन गर्नको लागि स्वतन्त्र लेखापरीक्षकवाट आन्तरिक लेखापरीक्षण गराउँदै आएको छ । आन्तरिक लेखापरीक्षकका सिफारिसहरू तथा लेखापरीक्षण समितिका निर्णयहरू कार्यान्वयन गरिएको छ । श्री जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउन्टेन्टस्‌ले आ.व. २०८१/८२ मा कम्पनीको आन्तरिक लेखापरीक्षणको कार्य गरेको थियो ।

## वाह्य लेखापरीक्षण

श्री पि.एल श्रेष्ठ एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस्‌ले यस कम्पनीको आ.व. २०८१/८२ को हिसाव किताव लेखापरीक्षण गऱ्यो । लेखापरीक्षकले आफ्नो प्रतिवेदनमा कम्पनीको वित्तिय विवरणहरूका सम्बन्धमा कुनै नकारात्मक टिप्पणी गरेको छैन ।

## शेयरधनीहरुको सुझाव तथा संचार

शेयरधनीहरूवाट प्राप्त सुझावहरूलाई सकारात्मक लिइएको छ र त्यसको गाम्भिर्यता तथा कम्पनीको व्यवसायिक हितका आधारमा कार्यान्वयन गरिएको छ । कम्पनीको त्रैमासिक प्रतिवेदन, संक्षिप्त आर्थिक प्रतिवेदन, वार्षिक प्रतिवेदन, बार्षिक साधारण सभाको निर्णय पुस्तिकाहरू शेयरधनीहरूको जानकारीको लागि कम्पनीको वेभपेजमा हेर्न मिल्ने व्यवस्था मिलाइएको छ । कम्पनीले आफ्नो निरन्तर सुधारका लागि शेयरधनीहरूलाई सुझावहरू दिन प्रोत्साहित गर्दछ र शेयरधनीका सुझावहरूको स्वागत गर्दछ ।

## शेयर रजिष्ट्रार तथा शेयर कारोवार:

मिति २०७७ श्रावण १ देखी नारायणचौर, नक्साल, काठमाण्डौ स्थित नाविल इन्भेष्टमेन्ट बैकिङ लि. यस कम्पनीको शेयर रजिष्ट्रार रहेको छ । यस वर्ष

**कम्पनीको वार्षिक शेयर कारोवारको मुख्य मुख्य विवरणहरूको सारसंक्षेप**

| वर्ष | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार दिन | कारोवार संख्या | कारोवार शेयर | कारोवार रकम रु. |
|---|---|---|---|---|---|---|---|
| २०८१।८२ | ९६०.६ | ३९७ | ९५७२९ | २३१ | १,३९,९४२ | ३३,४०१.२८ | २१,१८३.९३ |
| २०८०।८१ | ३२४ | २८४.४ | ३१० | २२९ | २४,३९३ | ३,५६९.४९ | ८४३९९ |

कुनै शेयर जफत गर्ने वा कम्पनी आफैंले खरिद गर्ने कार्य गरेको छैन । कम्पनीको वार्षिक शेयर कारोवारको मुख्य मुख्य विवरणहरू संक्षेपमा निम्न अनुसार रहेका छन्:

## सम्बद्ध पक्षसंगको  कारोवारहरु

यस कम्पनीले सहायक कम्पनीहरूसंग उत्तम औद्योगिक प्रचलनहरू तथा प्रचलित कानून अनुसार व्यवसायिक हिसावले कारोवार गर्दछ । कम्पनीले आफ्ना सहायक तथा संलग्न कम्पनीहरूसंग गरेका मुख्य मुख्य सबै कारोवारहरूका सम्बन्धमा आ.व. २०८१।८२ को वित्तिय विवरणहरूको नोटमा उल्लेख गरिएको छ ।

## व्यवसाय तथा लगानीको वातावरण:

नेपालको अपार जलश्रोत, बर्षैभरी घाम लाग्ने जमिन तथा स्वच्छ पानीको उपलब्धताले स्वच्छ उर्जा उत्पादनका लागि ठुलो संभावना दर्शाउँछ । यद्यपी, हालको जलविद्युत उत्पादन केवल ३३९० मे.वा. मात्र छ, जुन देश भित्र उत्पादन गर्न सकिने संभावित क्षमताको करीव ८% हुन आउँछ । अन्य नवीकरणीय स्रोतको योगदान न्यून छ, जसमा ६ मे.वा.को बगास र १२५ मे.वा. को सौर्य आयोजनाहरू रहेकाछन् । नेपालको विकासमा जलविद्युतको केन्द्रीय भूमिका भएपनि यस क्षेत्रले निरन्तर रूपमा बर्षायाममा विद्युत बढी उत्पादन हुने र हिउँदमा अपुग हुने एवं सिमिति औधोगिकिरण तथा डिजिटल पूर्वाधारका कारण न्युन आन्तरिक माग जस्ता चुनौतिहरूको सामाना गरिरहेको छ ।

सन् १९९० मा लचिलो तथा खुल्ला वजार नीति अवलम्वन गरेसंगै जलविद्युत क्षेत्रमा महत्वपूर्ण परिवर्तन भएको छ । अनुमतिपत्र, दर्ता तथा निजी क्षेत्रको सहभागिता सम्बन्धी कार्यविधिहरूको सरलीकरणले यस क्षेत्रमा तिव्र रूपमा निजी लगानी बढ्न संभव बनाएको छ । यसले उत्पादकहरू, अपूर्तिकर्ताहरू तथा सेवा प्रदायकहरू बीच प्रतिश्पर्धाका लागि तथा प्रभावकारी, नवीन एवं ग्राहकको छनौटलाई सुधार गर्न मद्दत पुऱ्याएको छ । यि सुधारका कार्यहरूले जलविद्युत क्षेत्रको विस्तारका लागि दरिलो जग बसालेको छ र नेपालको उर्जा क्षेत्र तथा समग्र अर्थव्यवस्थामा योगदान गरेको छ ।

गत आर्थिक वर्ष नेपालले ४३४ मे.वा. क्षमता थप गरेर कुल जडित क्षमता ३५९१ मे.वा. पुऱ्याएको छ । अत्यधिक माग हुने समयको खपत २९०१ मे.वा. पुगेको छ, जवकि यो माग यसअघि २४०९ मे.वा. थियो । नेपाल विद्युत प्राधिकरणले ६९९ गिगावाट आवर विद्युत निर्यात गरी रू. ४.५ अरव खुद आम्दानी गरेर विद्युत निर्यातकको रूपमा रहन सफल भयो । आगामी वर्षहरूमा संचालनमा आउने अपेक्षा गरिएका थप जलविद्युत आयोजनाहरू संचालनमा आएसंगै नेपाल विद्युत प्राधिकरणले उपलब्ध उर्जाको पूर्णरूपमा उपयोगका लागि बढ्दो चुनौतिको सामना गर्नु परेकाले उत्पादन कटौती गर्नु पर्ने अवस्था समेत आउन सक्नेछ । नयाँ आर्थिक नीतिहरू तथा प्रशारण पूर्वाधारहरूको विस्तार बढ्दो आन्तरिक उपभोग तथा निर्यातका लागि महत्वपूर्ण विषय छ । नेपाल, भारत र बंगलादेश बीचको त्रिपक्षीय प्रवन्धसंगै नेपालले बंगलादेशमा ४० मे.वा. विद्युत निर्यात गर्दै आएको छ भने थप निर्यातको विषयमा छलफल भईरहेको छ । देशभित्रको आन्तरिक आवश्यकता पुरा गरी दैनिक सालाखाल १००० मे.वा. विद्युत भारत निर्यात हुँदै आएको छ । ४०० के.भी.को ढल्केवर - मुजफ्फरपुर प्रशारण लाईनले दिगो अन्तदेशीय विद्युत व्यापारका लागि सहज बनाएको छ भने ४०० के.भी.को नयाँ बुटवल - गोरखपुर प्रशारण लाईन निर्माणको क्रममा

रहेको छ । त्यसैगरी, ४०० के.भी.को इनरूवा – पुर्णिया तथा दोधारा – वरेली प्रशारण लाईनहरूको कार्य चलिरहेको छ । खेर जाने विद्युत उपयोग गर्न, प्रणालीको विश्वसनियतामा सुधार ल्याउन र बढ्दो आन्तरिक तथा क्षेत्रिय आवश्यकता संवोधनका लागि उक्त आयोजनाहरू समयमै सम्पन्न हुन आवश्यक छ ।

हरित हाइड्रोजन लगायत नयाँ अवसरहरू आईरहेका छन्, जसले नेपालको स्वच्छ उर्जाको भविश्यलाई पूनः परिभाषित गर्न सक्नेछ । हरित हाइड्रोजनले स्टिल, सिमेन्ट र यातायात जस्ता उद्योगहरूवाट कार्वन उत्सर्जन न्यूनिकरण तथा दिगो मलखाद उत्पादनका लागि भूमिका खेल्नेछ । विपिसीले झिमरूकको विद्युत गृह नजिकै FCDO को वित्तिय सहयोग र World Bank को कार्यन्वयन सहयोगमा एक हरित हाइड्रोजन नमूना आयोजना अघि बढाएको छ ।

बढ्दो आन्तरिक खपत तथा निर्यातवाट हुने आयका माध्यमवाट नेपालको आर्थिक विकासको केन्द्रमा जलविद्युत रहनेछ । नवप्रर्वतन तथा नयाँ नयाँ प्रविधिहरूको प्रयोगवाट नीतिगत, पूर्वाधार एवं लगानी सम्बन्धी चुनौतिहरूको सम्बोधन दिर्घकालिन उर्जा सुरक्षा तथा दिगो विकासका लागि एक महत्वपूर्ण पक्षको रूपमा रहनेछ ।

## अबको वर्ष

विपिसीले मनाङ मर्स्याङदी जलविद्युत आयोजना र चिनो खोला जलविद्युत आयोजना समयमै सम्पन्न गरी आम्दानी गर्नका लागि सो आयोजनाहरूको निर्माणमा ध्यान केन्द्रीत गर्नेछ । हामीले तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको आयोजना विकास सम्झौताको वार्तालाई अन्तिमरूप दिई वित्तिय व्यवस्थापनका लागि हाम्रा चिनिया लगानी साझेदार तथा बैंकसंग मिलेर निकटरूपमा सहकार्य गर्नेछौं । माथिल्लो मर्स्याङदी दोश्रो जलविद्युत आयोजनाको आयोजना विकास सम्झौता तथा विद्युत खरिद बिक्री सम्झौताको प्रक्रिया सम्पन्न गर्न प्रयत्न गरिनेछ । त्यसका अतिरिक्त, हामीले कावेली ए जलविद्युत आयोजनाको शेयरहरू बिक्री गर्न तथा हिमाल पावर लि.को शेयर खरिद गर्ने कार्य सम्पन्न गर्नका लागि नियमकीय निकाय तथा सरोकारवालाहरूसंग मिलेर काम गर्नेछौं । हरित हाइड्रोजन नमूना आयोजना सम्पन्न गरिनेछ । नयाँ आयोजनाहरूमा शेयर लगानीका लागि सम्पत्तिहरूको लाभदायी उपयोग तथा कोष व्यवस्थापनको कार्य गरिनेछ ।

## कृतज्ञता ज्ञापन

आ.व. २०८१।८२ मा कम्पनीको प्रगतिका लागि योगदान दिने, सहयोग गर्ने तथा मुल्यवान सल्लाह प्रदान गर्ने नेपाल सरकार, यस अर्न्तगतका मन्त्रालयहरू तथा विभागहरू, विद्युत नियमन आयोग, नेपाल राष्ट्र बैंक, लगानी बोर्ड, नेपाल धितोपत्र बोर्ड, नेपाल विद्युत प्राधिकरण, विदेशी साझेदारहरू, सेवाग्राही, ठेकेदारहरू, बिक्रेता, सप्लायर, संवद्ध संस्थाहरू, वैंकहरू, लेखापरीक्षकहरू, विद्युत उपभोक्ताहरू र अन्य संस्था तथा व्यक्तिहरूवाट भएको योगदानको कदर गर्दछौ । संचालक समिति अर्न्तगतका समितिहरूका सदस्यहरू, व्यवस्थापन समूह तथा कर्मचारीहरूलाई कम्पनीलाई अगाडि बढाउने कार्यका लागि धन्यवाद ब्यक्त गर्दछौं साथै शेयरधनीहरूलाई हामी प्रति देखाउनुभएको विश्वासको खुलेर सह्राहना गर्दछौ ।

संचालक समितिको तर्फवाट
**पद्म ज्योति**
अध्यक्ष

मितिः २०८२।०९।२८

# संक्षिप्त आर्थिक प्रतिवेदन

## आ.व. २०८१।८२ को संक्षिप्त आर्थिक प्रतिवेदन

यस कम्पनीको मिति २०८२।९।२८ गते सम्पन्न हुने ३३औं साधारण सभाको प्रयोजनका लागि कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसार तयार गरिएको यो संक्षिप्त आर्थिक प्रतिवेदन शेयरधनीहरूको जानकारीका लागि प्रकाशित गरिएको छ ।

१. कम्पनीको आ.व.२०८१।८२ मा विद्युत विक्री बढेका कारण संचालन आम्दानी र खुद मुनाफामा बृद्धि भएको छ । जस अनुसार खुद मुनाफा रू. २१,७३,३६,११९ र प्रति शेयर आम्दानी रू. ६.३८ रहेको छ । सो मुनाफावाट शेयरधनीहरूलाई ६ प्रतिशत नगद लाभांश वितरणको प्रस्ताव गरिएको छ ।

२. कम्पनीको वित्तिय अवस्थाको सारसंक्षेप तलको तालिका अनुसार रहेको छ ।

३. आ. व. २०८१।८२ मा यस कम्पनी अर्न्तगतका समूह कम्पनीहरूमध्ये हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि.को आम्दानीमा भने उल्लेखनिय बृद्धि भएको छ । खुदी हाइड्रोपावर लिमिटेड तथा नेपाल हाइड्रो एण्ड ईलेक्ट्रिक लिमिटेडको कार्यसंपादनमा ह्रास आयो । नेपाल विद्युत प्राधिकरणले समयमै प्रशारण लाईन निर्माण गर्न नसकेका कारण बैकल्पिक व्यवस्था गरी न्यादी जलविद्युत केन्दवाट विद्युत आपूर्ति गर्न परेको हुँदा न्यादी हाइड्रोपावर लिमिटेडले रू. ९ करोड ३४ लाख बराबर खुद नोक्सानी व्यहार्नु परेकोछ । यस कम्पनीले आफ्ना सहायक तथा सम्वद्ध कम्पनीहरूमा रू ५,२६,३७,९३,४६६/- लगानी गरिसकेको छ ।

४. आ.व. २०८१।८२ मा आँधीखोला तथा झिमरूक बिद्युत गृहहरूवाट १४०.०६ गिगावाट आवर विद्युत उत्पादन भयो । यो गत वर्षको उत्पादन भन्दा ४.७१% ले बढी हो । सो उत्पादित विद्युत मध्ये ६१.२२% नेपाल विद्युत प्राधिकरण र बाँकी आफ्नै वितरण प्रणालीमा आवद्ध उपभोक्तालाई विक्री गरिएको थियो ।

५. मिति २०८२ कार्तिक २१ गतेको विषेश साधारण सभाको निर्णय अनुसार यस कम्पनीले स्टाटक्राफ्ट होल्डिंग सिंगापुर र इभिनी ए.एस. नर्वेको स्वामित्वमा रहेको हिमाल पावर लिमिटेडको शेयर खरिद गर्ने प्रक्रृयामा रहेको छ । यससंगै नेपाल विद्युत प्राधिकरणसंग भएको सम्झौता अनुसार हिमाल पावर लिमिटेडले खिम्ती प्रथम जलविद्युत आयोजनाको विद्युत खरिद बिक्री सम्झौता गर्ने

**कम्पनीको वित्तिय अवस्थाको सारसंक्षेप**

| विवरण | आ.व. २०८१।८२ रू. | आ.व. २०८०।८१ रू. | परिवर्तन |
|---|---|---|---|
| नेपाल विद्युत प्राधिकरणलाई बिद्युत बिक्री | ४२,९८,४३,६४५ | ४१,८८,८१,३९६ | २.६२% |
| उपभोक्तालाई बिद्युत बिक्री तथा सेवाहरू | ३०,३९,४९,६२३ | २७,४७,५९,३९५ | १०.६२% |
| उत्पादन खर्च | २९,३६,८१,६७३ | ३०,५०,५५,१४७ | -३.७३% |
| वितरण खर्च | १३,९०,७०,८९२ | १३,६७,३२,७९१ | १.७१% |
| कूल मुनाफा | ३०,१०,४०,७०३ | २५,१८,५२,८५३ | १९.५३% |
| अन्य आय (प्राप्त लाभांश समेत) | ९,७२,२४,०२५ | ९,८७,९७,६०७ | -१.५९% |
| प्रशासनिक तथा अन्य खर्च | १३,२२,३३,५४१ | १२,४८,५१,९४२ | ५.९१% |
| ब्याज तथा कर अघिको नाफा | २६,६०,३१,१८७ | २२,५७,९८,५१८ | १७.८२% |
| बित्तिय आम्दानी | १,४१,३३,६०२ | ४,६८,१६,५९७ | ६९.८१% |
| बित्तिय खर्च | १,२८,९५,८७० | १,३०,२५,४६५ | ०.९९% |
| कर अघिको नाफा | २६,७२,६८,९१९ | २५,९५,८९,६५० | २.९६% |
| कर पछिको खुद मुनाफा | २१,७३,३६,११९ | १९,३९,८७,३६९ | १२.०४% |
| अन्य कम्पनीहरूमा लगानी | ५,२६,३७,९३,४६६ | ४,६२,६०,३०,०५७ | १३.७९% |
| प्रतिशेयर आम्दानी | ६.३८ | ५.६९ | १२.१३ % |
| खुद सम्पत्ति (नेटवर्थ) | ७,०८,१५,३०,२५८ | ७,०३,२१,४६,९६७ | ०.७०% |

**२०८१।८२ को समूहगत एकिकृत वित्तिय अवस्थाको सारसंक्षेप यस प्रकार रहेको छ ।**

| विवरण | आ.व. २०८१।८२ रू. | आ.व. २०८०।८१ रू. | परिवर्तन |
|---|---|---|---|
| आम्दानी | ४,७१,५१,८७,०७७ | २,९९,०३,३५,२५१ | ५७.६८% |
| बिक्री लागत | ३,८१,२९,९६,७९३ | २,२३,५७,२५,६०२ | ७०.५५% |
| कुल नाफा | ९०,२१,९०,२८४ | ७५,४६,०९,६४९ | १९.५६% |
| व्याज तथा कर अघिको नाफा | ६८,७७,७७,७३० | ६०,०९,८४,०२८ | १४.४४% |
| कर अघिको नाफा | २७,२९,५०,०४९ | ३८,४२,१४,४७३ | -२८.९६% |
| कर पछिको नाफा | २०,२३,३२,१६६ | ३०,८९,६१,०४८ | -३४.५१% |
| नियन्त्रक कम्पनीको मालिकको लागि नाफा | १८,८७,०८,५८५ | ३५,३७,७०,९२४ | -४६.६६% |
| नियन्त्रण नहुने स्वार्थ/हितका लागि नाफा | १,३६,२३,५८१ | (४,४८,०९,८७६) | -१३०.४०% |
| प्रति शेयर आम्दानी | ५.५४ | १०.३८ | -४६.६६% |
| खुद सम्पत्ति | ८,१६,५७,९५,६०४ | ७,५२,३३,१७,८२५ | ८.५४% |

र सो आयोजनाको स्वामित्व सम्बन्धी हितको ५० प्रतिशत हिस्सा नेपाल विद्युत प्राधिकरणलाई हस्तान्तरण गर्ने कार्य गरिनेछ ।

६. कम्पनीले आफैं तथा सहायक एवं सम्बद्ध कम्पनीहरू मार्फत विकास गरेका आयोजनाहरूको प्रगति तथा बस्तुस्थिती निम्न वमोजिम रहेको छः

(क) न्यादी हाइड्रोपावर कम्पनी लि.ले प्रवर्द्धन गरेको न्यादी जलबिद्युत आयोजना (३० मेगावाट) वाट बार्षिकरूपमा १६८ गिगावाट आवर विद्युत नेपाल विद्युत प्राधिकरणले आपूर्ति गरि लिनुपर्ने भएपनि ६५.५% मात्र विद्युत लिएका कारण सो कम्पनीले नोक्सानी बेहोर्नु पर्‍यो ।

(ख) कम्पनीको विशेष साधारण सभाको निर्णय अनुसार काबेली इनर्जी लिमिटेडमा रहेका सम्पूर्ण शेयरहरू अरूण कावेली पावर लिमिटेडलाई विक्री गरी बहिर्गमनको प्रक्रियामा रहेको छ ।

(ग) मर्स्याङदी नदीमा मनाङ मर्स्याङदी जलविद्युत आयोजना (१३५ मेगावाट) निर्माण प्रारम्भ भई सुचारूरूपमा अघि बढीरहेको छ । हालसम्मको भौतिक कार्य प्रगति ३० प्रतिशत रहेको छ । तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजना (१३९.२ मेगावाट), आयोजना कम्पनीमा हस्तान्तरण तथा वित्तिय व्यवस्थापनको प्रक्रियामा रहेको छ । अपर मर्स्याङदी दोश्रो जलविद्युत आयोजना (३२७ मेगावाट) को आयोजना विकास सम्झौता तथा विद्युत खरिद बिक्री सम्झौताको प्रक्रियामा रहेको छ ।

(घ) चिनोखोला जलविद्युत आयोजना (७.९ मेगावाट) को निर्माण कार्य सुरू गरिएको छ । हालसम्मको भौतिक कार्य प्रगति करीव १५ प्रतिशत रहेको छ ।

७. आ.व. २०८२।८३ मा निर्माणाधिन आयोजनाहरूको निर्माण कार्यलाई सुचारूरूपमा अघि बढाइनेछ । निर्माणको तयारीको चरणमा रहेका आयोजनाहरूको कार्य अघि बढाइनेछ । ग्रीन हाइड्रोजनको पाइलट प्रोजेक्ट, झिमरूक विद्युत गृह क्षेत्रमा निर्माण गरी चालु आ.व.मा सञ्चालनमा ल्याइनेछ ।

८. कम्पनीको संचालक समितिले नेपाल धितोपत्र बोर्डले जारी गरेको सूचीकृत कम्पनीहरूको संस्थागत सुशासन निर्देशिका, २०७४ बमोजिम आवश्यक समितिहरू गठन गरी सो समितिहरूले नियमितरूपमा आफ्नो कार्य गर्दै आएकाछन् । साथै, संचालक समितिले परिपालना अधिकृत नियुक्त गर्ने, श्रम लेखापरीक्षण गर्ने तथा प्रचलित ऐन नियम अनुसार पेश गर्नु पर्ने तथा प्रकाशित गर्नु पर्ने प्रतिवेदनहरू पेश गर्ने तथा प्रकाशित गर्ने कार्य भएको छ ।

९. प्रस्तुत संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरणहरू र संचालक समितिको प्रतिवेदनवाट संक्षेपीकरण गरिएको हो । उल्लेखित आर्थिक विवरणहरू तथा बार्षिक प्रतिवेदन कम्पनीको वेभ साईट www.bpc.com.np मा हेर्न र डाउनलोड गर्न सकिने व्यवस्था गरिएको छ ।

**उत्तर कुमार श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत

## २०८२ आषाढ ३२ गतेको
# वित्तिय अवस्थाको विवरण

| विवरण | आ.व. २०८१/८२ रू. | आ.व. २०८०/८१ रू. |
|---|---|---|
| **सम्पत्ति** | | |
| **गैर चालू सम्पत्ति** | | |
| जायजेथा, प्लाण्ट तथा उपकरण | २४८,४४२,५३९ | २६२,३१२,३९२ |
| पूंजीगत कार्य प्रगति | - | - |
| अदृष्य सम्पत्ति | १,७४५,८६१,५६१ | १,८०३,५२७,४६७ |
| आयोजना कार्य प्रगति | ३८६,९४९,४९१ | ३७१,०३७,८३९ |
| वित्तिय सम्पत्ति | | |
| सहायक तथा सम्बद्ध कम्पनीमा लगानी | ४,४५९,६०३,९७२ | ३,८२५,१७४,४३१ |
| अन्य लगानी | ८०४,१८९,४९४ | ८००,८५५,६२६ |
| अन्य गैर चालू सम्पत्ति | - | - |
| **जम्मा गैर चालू सम्पत्ति** | **७,६४५,०४७,०५९** | **७,०६२,९०७,७५५** |
| **चालू सम्पत्ति** | | |
| मौज्दात | ५८,१९९,९१५ | ५५,३९७,३४१ |
| वित्तीय सम्पत्ति | | |
| व्यापारिक आसामी लिनुपर्ने | ७९,६२३,२९९ | १०३,६६९,२०५ |
| नगद तथा नगद समान | ४३,१४१,७७७ | ३०,९७१,२६३ |
| अन्य बैंक मौज्दात | ६,९६०,००० | ७,११५,००० |
| अन्य वित्तीय सम्पत्ति | २७३,४६७,८५९ | ५२२,१५४,७३३ |
| अन्य चालू सम्पत्ति | १६,१०६,३९६ | २१,१६७,२९९, |
| चालू सम्पत्ति (खुद) | १०,५६५,०८५ | १५,०८५,३७६ |
| **जम्मा चालू सम्पत्ति** | **४८८,०६४,३३१** | **७५५,५६०,२१७** |
| **जम्मा सम्पत्ति** | **८,१३३,१११,३९०** | **७,८१८,४६७,९७२** |
| **कोष तथा दायित्व** | | |
| **कोष** | | |
| इक्वीटी शेयर पूंजी | ३,४०९,०६४,६०० | ३,४०९,०६४,६०० |
| अन्य इक्वीटी | ३,६७२,४६५,६५८ | ३,६२३,०८२,३६७ |
| **जम्मा कोष** | **७,०८१,५३०,२५८** | **७,०३२,१४६,९६७** |
| **दायित्व** | | |
| **गैर चालू दायित्व** | | |
| ग्राण्ट अनुदान जगेडा | १५९,३२६,५५५ | १६७,२४८,३१६ |
| वित्तिय दायित्व | | |
| ऋृण सापटी | ४९,६५९,२८० | ६४,६५९,२८० |
| व्यवस्थाहरू | १९६,२१७,४५० | २०७,१०६,९१० |
| स्थगन कर | १६३,१९८,५७९ | १५६,८८५,४५८ |
| अन्य गैर चालू दायित्व | १६,६५२,१७२ | १७,५५१,६४८ |
| **जम्मा गैर चालू दायित्व** | **५८५,०५४,०३६** | **६१३,४५१,६९२** |
| **चालू दायित्व** | | |
| वित्तीय दायित्व | | |
| ऋृण सापटी | ३२५,०००,००० | ४५,०००,००० |
| व्यापारिक साहू तिर्नुपर्ने | २४,३५३,३९१ | १०,४५१,७१२ |
| अन्य वित्तीय दायित्व | २६,२३०,००६ | २८,२४७,९९६ |
| व्यवस्थाहरू | २,२७७,९७८ | १,५३८,२४९ |
| अन्य चालू दायित्व | ८८,६६५,७२१ | ८७,६३१,३५६ |
| चालू कर दायित्व (खुद) | - | - |
| **जम्मा चालू दायित्व** | **४६६,५२७,०९६** | **१७२,८६९,३१३** |
| **जम्मा दायित्व** | **१,०५१,५८१,१३२** | **७८६,३२१,००५** |
| **जम्मा कोष तथा दायित्व** | **८,१३३,१११,३९०** | **७,८१८,४६७,९७२** |

## २०८२ आषाढ ३२ गते समाप्तवर्षको

# नाफा नोक्सानको विवरण

| विवरण | आ.व. २०८१।८२ रू. | आ.व. २०८०।८१ रू. |
|---|---|---|
| **बिक्री** | ७३३,७९१,२६८ | ६९३,६४०,७९१ |
| बिक्रि लागत | | |
| उत्पादन खर्च | (२९३,६८१,६७३) | (३०५,०५५,१४७) |
| वितरण खर्च | (१३९,०७०,८९२) | (१३६,७३२,७९१) |
| **कूल मुनाफा** | **३०१,०४०,७०३** | **२५१,८५२,८५३** |
| अनुदान सहयोगको आम्दानी | | |
| अंशको ह्रासकट्टी | ७,९२१,७६१ | ७,९००,११७ |
| अन्य आय | ७४,३०२,२६४ | ८३,०३७,२३१ |
| लगानीको नोक्सानी व्यवस्था आम्दानी जनाइएका | १५,०००,००० | १७,८६०,२५९ |
| प्रशासनिक तथा अन्य संचालन खर्चहरू | (१३२,२३३,५४१) | (१२४,८५१,९४२) |
| लगानीमा नोक्सान व्यवस्था | - | (१०,०००,०००) |
| **संचालनवाट मुनाफा** | **२६६,०३१,१८७** | **२२५,७९८,५१८** |
| वित्तिय आय | १४,१३३,६०२ | ४६,८१६,५९७ |
| वित्तिय लागत | (१२,८९५,८७०) | (१३,०२५,४६५) |
| **कर अघिको मुनाफा** | **२६७,२६८,९१९** | **२५९,५८९,६५०** |
| **आयकर खर्च** | | |
| चालु वर्षको आयकर | (४४,४५३,१४६) | (६३,७०६,३४०) |
| स्थगन कर आम्दानी/(खर्च) | (५,४७९,६५४) | (१,८९५,९४१) |
| **चालु वर्षको मुनाफा** | **२१७,३३६,११९** | **१९३,९८७,३६९** |
| **अन्य विस्तृत आय** | | |
| इक्वीटी उपकरणवाट देखिएको अन्य विस्तृत आय | ३,३३३,८६९ | (१२,७०९,७३०) |
| नाफा नोक्सानसंग पुनवर्गीकरण नहुने शीर्षकको कर | (८३३,४६७) | ३,१७७,४३३ |
| **जम्मा अन्य विस्तृत खूद आय** | **(२,५००,४०२)** | **(९,५३२,२९७)** |
| **जम्मा विस्तृत खूद आय (कर पछिको)** | **२१९,८३६,५२१** | **१८४,४५५,०७२** |
| प्रति शेयर आम्दानी - आधारभूत (Basic) | ६।३८ | ५।६९ |
| प्रति शेयर आम्दानी - परिवर्तित (Diluted) | ६।३८ | ५।६९ |

नोट :

bpc
BUTWAL POWER COMPANY LIMITED


**CORPORATE OFFICE**
P.O. Box. 11728
Gangadevi Marga - 313, Buddha Nagar
Kathmandu, Nepal
Tel: 977-1-4791776, 4794026
Fax: 977-1-4790994
E-mail: info@bpc.com.np

**JHIMRUK HYDROELECTRIC CENTER**
Darimchaur, Pyuthan
Tel: 086-590104

**ANDHIKHOLA HYDROELECTRIC CENTER**
Galyang, Syangja
Tel: 977-063-460152
Fax: 977-063-460152

**LIAISON OFFICE**
Campus Road, Butwal
Tel: 977-071-540809
Fax: 977-071-541058

**www.bpc.com.np**